शिक्षा ऐन, २०२८, (संधोधनसहित) को दफा ११(च) को उपदफा (१) को खण्ड (ख) को प्रतिबन्धात्मक वाक्यांशको १, २ र ३ बमोजिम आधारभूत तह (साविक निम्न माध्यमिक तह कक्षा ६-८) मा कार्यरत अस्थायी शिक्षकहरुले मात्र प्रतिस्पर्धा गर्न पाउने प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

## लिखित परीक्षा योजना

यस पाठ्यक्रमलाई दुई भागमा बाँडिएको छ।

१ .लिखित परीक्षा - पूर्णाङ्क १०० **उत्तीर्णाङ्क : ४०**

२ .अन्तर्वार्ता - पूर्णाङ्क २५

### लिखित परीक्षा

**समय : ३ घण्टा**

| **खण्ड** | **विषय** | **परीक्षा प्रणाली** | **अङ्क भार** | **प्रश्न सङ्ख्या** | **समय** |
|---|---|---|---|---|---|
| **क** | शिक्षासम्बन्धी : आधारभूत ज्ञान, पाठ्यक्रम तथा शिक्षण विधि र प्रविधि | वस्तुगत/ बहुवैकल्पिक | ४० | ४० X १ | ४५ मिनेट |
| **ख** | सम्बन्धित विषयवस्तुको ज्ञान | विषयगत | ६० | ६ X १० | २ घण्टा १५ मिनेट |
| **जम्मा** | | | १०० | ४६ | |

**द्रष्टव्य :**

१. खण्ड **क** र ख का उत्तरपुस्तिहरु अलग अलग हुनेछन्।
२. वस्तुगत र बिषयगत परीक्षा एकैपटक सञ्चालन हुने छ।
३. लिखित परीक्षाको माध्यम अङ्ग्रेजी वा नेपाली वा दुबै भाषा हुनेछ। भाषा विषयहरूका हकमा सम्बन्धित भाषामा नै उत्तर दिनुपर्नेछ।
४. यो पाठ्यक्रम मिति २०७३/१२/०२ गतेदेखि लागु हुनेछ।
५. खण्ड क बमोजिमको वस्तुगत प्रश्न सबै विषयका लागि एउटै हुनेछ।

शिक्षा ऐन, २०२८, (संधोधनसहित) को दफा ११(च) को उपदफा (१) को खण्ड (ख) को प्रतिबन्धात्मक वाक्यांशको १, २ र ३ बमोजिम आधारभूत तह (साविक निम्न माध्यमिक तह कक्षा ६-८) मा कार्यरत अस्थायी शिक्षकहरुले मात्र प्रतिस्पर्धा गर्न पाउने प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

# आधारभूत तह (साविक निम्न माध्यमिक तह कक्षा ६-८)

## विषय : नेपाली

### खण्ड ख : सम्बन्धित विषयको ज्ञान - ६० अङ्क

**१. भाषा र नेपाली भाषाको अध्ययन**

१.१ भाषाको परिचय र भाषाका विशेषता

१.२ भाषिक परिवारको सङ्क्षिप्त चिनारी

१.३ नेपाली भाषाको उत्पत्तिसम्बन्धी मतमतान्तरहरू

१.४ नेपाली भाषाका भाषिकाहरूको चिनारी

१.५ नेपालमा बोलिने प्रमुख भाषाहरू

१.६ नेपालका संविधानहरूमा नेपाली भाषा

१.७ नेपाली भाषाको स्तरीकरणका लागि भएका प्रयासहरू

**२ पहिलो तथा दोस्रो भाषाका रूपमा नेपाली भाषा शिक्षणको चिनारी**

२.१ नेपाली भाषा शिक्षणको आवश्यकता

२.२ पहिलो र दोस्रो भाषाका रूपमा नेपाली भाषा शिक्षण

२.३ द्विभाषिक तथा बहुभाषिक कक्षामा नेपाली भाषा शिक्षण

२.४ भाषा शिक्षणका सिद्धान्तहरूको परिचय : निगमन, आगमन, व्याकरण अनुवाद, प्रत्यक्ष, श्रुतिभाषिक, संज्ञान, सम्प्रेषण, सहभागितामूलक

२.५ दोस्रो भाषाका रूपमा नेपाली शिक्षणका समस्या र समाधानका उपाय

**३ साहित्य विधा सिद्धान्त**

३.१ कविताको परिचय, तत्त्व र आधुनिक नेपाली कविताका समसामयिक प्रवृत्तिहरू

३.२ कथाको परिचय, तत्त्व र आधुनिक नेपाली कथाका समसामयिक प्रवृत्तिहरू

३.३ नाटकको परिचय, तत्त्व र आधुनिक नेपाली नाटकको समसामयिक प्रवृत्तिहरू

३.४ निबन्धको परिचय, तत्त्व र आधुनिक नेपाली निबन्धका समसामयिक प्रवृत्तिहरू

३.५ नेपाली बाल साहित्यको परिचय र बाल साहित्यका मुख्य प्रवृत्तिहरू

**४ साहित्य शास्त्र र नेपाली समालोचना**

४.१ शब्द शक्ति : अभिधा, लक्षणा र व्यञ्जनाको परिचय

४.२ छन्दको परिचय र प्रकार

४.३ रसको परिचय र प्रकार

४.४ अलङ्कारको परिचय र प्रकार

४.५ समालोचनाको सैद्धान्तिक परिचय

४.६ नेपाली समालोचनामा रामकृष्ण शर्मा, बाबुराम आचार्य, यदुनाथ खनाल, इन्द्रबहादुर राईको परिचय र मुख्य प्रवृत्ति

**५ नेपाली व्याकरण**

५.१ भाषा तत्त्व/व्याकरणको परिचय

५.२ व्याकरण शिक्षणको परिचय र आवश्यकता

५.३ कार्यमूलक व्याकरण र व्याकरण शिक्षणका नवीनतम अवधारणा

५.४ व्याकरण शिक्षणका कार्यकलापहरू

५.५ पाठ्यक्रले तोकेका व्याकरण/भाषा तत्त्वका विषय क्षेत्रहरू

५.६ शब्दवर्ग : नाम, सर्वनाम, विशेषण, क्रियापद, नामयोगी, क्रियायोगी, संयोजक, विश्मयादिबोधक र निपात

५.७ पदसङ्गति : लिङ्ग, वचन, पुरुष र आदर

५.८ काल, पक्ष र भाव (अर्थ)

५.९ वाच्य

५.१० वाक्य : परिचय, संरचना, प्रकार, वाक्यान्तरण, वाक्य संश्लेषण र विश्लेषण

५.११ कारक र विभक्ति

५.१२ शब्द भण्डारको परिचय र प्रकार

५.१३ उखान र टुक्का

५.१४ शब्द निर्माण प्रक्रिया : व्युत्पादन र रूपायन प्रक्रिया

५.१५ धातु

५.१६ लेख्य चिह्न

५.१७ वर्ण विन्यास

**६ व्यावहारिक रचना/सिर्जनात्मक रचना**

६.१ पत्र रचना (निवेदन/चिठी)

६.२ निमन्त्रणा पत्र र शुभकामना पत्र लेखन

६.३ संवाद र वादविवाद लेखन

६.४ दैनिकी लेखन

६.५ सारांश लेखन

६.६ अनुच्छेद रचना

६.७ प्रतिवेदन लेखन

६.८ कथा लेखन

६.९ निबन्ध लेखन

६.१० जीवनी लेखन